स्थानीय पाठ्यक्रमः

# विपद् जोखिम न्युनीकरण

**कक्षा ८**

युनिसेफको आर्थिक तथा प्राविधिक सहयोगमा
आसमान नेपाल, जनकपुरद्वारा प्रकाशित
**स्थानीय पाठ्यक्रमः विपत् जोखिम न्युनीकरण**

**प्रथम प्रकाशन** : माघ २०७६
© आसमान नेपाल

# बिषय सूची


| | | |
|---|---|---|
| १. | बाढी | १ |
| २. | आगलागी | ४ |
| ३. | शीतलहर | ६ |
| ४. | भूकम्प | ८ |
| ५. | सडक दुर्घटना | ११ |
| ६. | जनावर आतङ्क | १४ |
| ७. | करेन्ट सर्ट | १६ |

**पाठ - १**

# बाढी

हामीले जलवायु परिवर्तनसम्बन्धी कक्षा ७ को सामाजिक अध्ययनमा पढिसकेका छौँ । यो पाठमा जलवायु परिवर्तन किन भइरहेको छ ? यसले विश्व समुदायमा पारेका विभिन्न समस्याहरू जस्तैः बाढी, लू, शीतलहर, गर्मीबाट परेका असरहरू र यसबाट बच्ने उपायहरूको बारेमा अध्ययन गर्नेछौँ । अब यस पाठमा हामी बाढीका बारेमा अध्ययन गर्ने छौँ ।



खोला, खोल्सा तथा नदीमा पानी बढेर आउँदाको अवस्था बाढी हो । अधिक मात्रामा पानी एकत्रित भएर बहनु पनि बाढी हो । सामान्यतया वर्षायाममा अत्यधिक पानी परेपछि नदीमा बाढी आउने गर्छ । बाढीले आसपासका जमिन काटेर लैजाने गर्छ अनि सम्म भाग र नदीका आसपासका जमिन डुबाउने गर्दछ । जसलाई डुबान भन्ने गरीन्छ ।

हिजोआज जनसङ्ख्या वृद्धि, जथाभावी वनजङ्गल फडानी र अनियन्त्रित बसाइँसराइले गर्दा हाम्रो समुदायमा जलवायु परिवर्तनअन्तर्गत बाढीले धेरै दुःख दिँदै आइरहेको छ। जथाभावी रूपमा वनजङ्गल कटान गरी पुनः रुख नलगाउनु, अनियन्त्रित बसोबास, बसाइँसराइ र जनसङ्ख्या वृद्धि यसका मुख्य कारण हुन् । अविरल वर्षाको कारण नदी खोलाको जलस्तरमा वृद्धि भई जथाभावी रूपमा बाँध तोडेर गाउँ/सहरमा ठूलो गतिमा पानी पस्नुलाई बाढी भनिन्छ। हाम्रो देश

हिमाल, पहाड र तराई गरी भौगोलिक रूपमा बाँडिएको भए पनि हिमाली र पहाडी भेगमा पानी पर्दा तराईबाट ती नदी बग्ने भएको हुँदा बाढीले तराईका नदीनालाको जलस्तरमा वृद्धि हुन्छ र जग्गालाई कटान गरी नदीको आकार ठूलो हुँदै जान्छ ।

| विद्यार्थी क्रियाकलाप | शिक्षक निर्देशन |
|---|---|
| * बाढीबाट पर्ने असरहरू केके हुन ? छलफल गर्ने ।<br>* हाम्रो समुदायमा २०७६ सालमा आएको बाढीले कुनकुन चीजमा कति असर पऱ्यो ? छलफल गर्ने । | * बाढीको चित्र देखाएर केके असरहरू पऱ्यो ? सोध्ने ।<br>* के बाढीले तिम्रो समुदायमा/विद्यालयमा/सडक/गाउँमा असर पऱ्यो त ? भनि सोध्ने ।<br>* बाढीबाट हुने क्षति न्युनीकरणका उपायहरू पूर्वतयारीका उपाय पनि हुन शिक्षकले आवश्यकताअनुसार प्रस्ट पार्ने । |

## बाढीबाट हुने असर

- खेतमा लगाएको बालीनाली क्षति हुनु ।
- सडक/पुल क्षति हुनु ।
- विद्यालयको भवन/पर्खाल भत्कनु ।
- सर्पको बिगबिगी बढ्नु/टोक्नु ।
- महामारी जस्तैः हैजा/झाडा पखालाको प्रकोप बढ्नु ।
- आवत्जावत्मा अवरोध हुनु ।
- सञ्चारमाध्यम अवरुद्ध हुनु ।

## बाढीबाट हुने क्षति न्यूनीकरणका लागि निम्न उपायहरू अपनाउनु पर्छ

- नदी छेउछाउमा योजनाबद्ध ढङ्गबाट मानिसको बस्ती बसाउने ।
- कमजोर भौगोलिक अवस्थिति पहिचान गर्ने र सोअनुसार योजना बनाउने ।
- नदी छेउछाउ तथा कमजोर भौगोलिक क्षेत्रमा वृक्षारोपण गर्ने ।

- खोला तथा नदी छेउछाउमा तारजाली वा तटबन्ध गर्ने ।

| शिक्षकलाई निर्देशन |
| --- |
| ● विद्यार्थीलाई बाढीबाट बच्न/बचाउन सकिने उपायहरूबारे छलफल गराउने । |
| ● नदी/पोखरीको अवस्था कस्तो हुन्छ ? भन्न लगाउने । |
| ● विपद्को समयमा सहयोग कसरी गर्ने भन्ने विषयमा छलफल गराउने । |

## अभ्यास

१. तलका वाक्यहरू ठिक वा बेठिक के हुन छुट्याऊ

- अविरल वर्षाको कारण आएको पानी बाढी हो ।
- अत्यधिक वर्षाले जग्गा र नदी सुख्खा हुन्छ ।
- नदीनालाले हामीलाई धेरै दुःख दिन्छ ।

## अभ्यास

२. छोटो उत्तर देऊ

- बाढी आउनुका मुख्य कारण केके हुन् ? कुनै ५ ओटा लेख ।
- बाढीबाट हुने असरहरूमध्ये कुनै ४ ओटा असरहरू लेख ।
- बाढीबाट बच्न र बचाउन कुनकुन कुरामा बढी ध्यान दिनुपर्छ ? कुनै ४ ओटा मात्र लेख ।
- बाढीका जोखिम न्युनीकरणका कुनै ३ उपायहरू लेख ।

## परियोजना कार्य

२०७६ सालमा आएको बाढीले तिम्रो समुदायमा केके असरहरू पऱ्यो ? यसबाट बच्न तिमी तथा तिम्रो परिवारले केके उपाय अपनाएका थियौ ? एउटा छोटो टिपोट तयार पार र कक्षामा प्रस्तुत गर ।

पाठ - २

# आगलागी



आगलागी प्राकृतिक तथा मानवीय क्रियाकलापद्वारा हुने प्रकोप हो । जसले मानिसका घर, गोठ, कलकारखाना उद्योग तथा प्राकृतिक सम्पदालाई जलाएर खरानी बनाउने गर्दछ । यस्ता किसिमका घटनालाई आगलागी भनिन्छ । खासगरी तराई क्षेत्रमा फागुन, चैत, बैशाख र जेठ महिनामा बढी आगलागी हुने गर्दछ ।

## क्रियाकलाप

तिमीले कतै आगलागी भइरहेको देखेका छौं ? देखेको भए साथीहरूसँग छलफल गरी यसका कारण र असरहरू बुँदागत रूपमा लेख ।

## आगलागीका कारणहरू

आगलागीका कारणहरू निम्न अनुसार बुँदागत रूपमा प्रस्तुत गरीएको छ :

- सलाई, लाइटरजस्ता आगलागीजन्य सामानको जथाभावी प्रयोगबाट ।
- विद्युतीय तार र उपकरणहरूको जथाभावी प्रयोगबाट ।

- घरमा प्रयोग हुने विद्युतीय तारहरूको जडान राम्रोसँग नभएर विद्युत सर्ट भएमा ।
- ग्याँस सिलिन्डर तथा चुल्होको सावधानीपूर्वक प्रयोग नगर्दा ।
- मट्टीतेल तथा पेट्रोलियम पदार्थको जथाभावी प्रयोगबाट ।

**शिक्षकलाई निर्देशन** : शिक्षकले विद्यार्थीहरूलाई आगलागीबाट बच्ने उपायहरूका बारेमा छलफल गर्न लगाउने ।

**आगलागीबाट बच्ने उपायहरू**

- सलाई, लाइटर वा प्रज्वलित पदार्थहरू बालबालिकाको पहुँचबाट टाढा राख्ने ।
- सुरक्षित विद्युत जडान गर्ने ।
- ग्याँस चुल्हो तथा विद्युतीय उपकरणहरूको प्रयोग सावधानीपूर्वक गर्ने ।
- सुख्खा मौसममा आगोको प्रयोग सावधानीपूर्वक गर्ने ।
- आगलागीबाट बच्नका लागि जनचेतना फैलाउने ।
- दमकल वा अग्निनियन्त्रकलाई तयारी अवस्थामा राख्ने ।
- दमकल, प्रहरी वा एम्बुलेन्सको फोन नम्बर सबैले देख्ने स्थानमा सुरक्षित राख्ने ।

**अभ्यास**

- आगो लाग्ने कुनै ४ ओटा कारणहरू लेख ।
- आगलगीबाट बच्ने ३ ओटा उपायहरू लेख ।
- आगलागीका सम्मुख क्षेत्रहरू केके हुन ? कुनै ५ ओटा लेख ।
- आगलागीको शीर्षक राखेर एउटा छोटो गीत तयार पार र कक्षामा प्रस्तुत गर ।

**शब्दार्थ**

सम्मुख क्षेत्र : आगलागीबाट बढी प्रभावित क्षेत्र वा आगोको नजिक रहेको क्षेत्र ।

**पाठ - ३**

# शीतलहर



शीतयुक्त चिसो हावा बहनुलाई शीतलहर भनिन्छ। तराईका विभिन्न भागमा विशेष गरी पुस र माघ महिनामा आकासलाई दिनभरि नै कुहिरोले ढाक्ने र घाम नलाग्ने हुन्छ। यही क्रममा चिसो शीत खस्छ यसरी चिसो बतास (हावा) चली मौसम चिसो हुने अवस्थालाई शीतलहर भनिन्छ। यस्तो बेला शीतलहर चलेको ठाउँको तापक्रम घट्दै जानु यसको मुख्य कारण हो। जलवायु परिवर्तनले हाम्रो जनजीवन प्रभावित हुन्छ।

**शीतलहरबाट पर्ने असरहरू**

- वातावरण अत्यन्तै चिसो भई धेरै जाडो हुनु।
- मानिसलगायत पशुपंक्षीहरूलाई पनि गाह्रो हुन्छ।
- बालबालिकाहरू र वृद्धवृद्धाहरूलाई चिसोको कारणले हुने रोगहरू लाग्छ।
- धेरै चिसोका कारण मानिस तथा पशुहरूको मृत्यु हुन्छ।

**शीतलहरबाट बच्ने उपायहरू**

- आगो ताप्ने ।
- बाक्लो लत्ताकपडा लगाउने ।
- घाम लागेमा मात्रै घर बाहिर निस्कने ।
- बालबालिका तथा वृद्धवृद्धाको बढी हेरविचार गर्ने ।
- तातो पेयपदार्थ पिउने ।

**शिक्षकलाई निर्देशन :** नेपालको तराई क्षेत्रमा पर्ने शीतलहर र यसबाट परेको असरहरूको समाचारहरू पत्रिकाबाट काटिङ गरी एउटा न्यूज ग्यालरी तयार पार्नुहोस् र कक्षामा टाँसी विद्यार्थीहरू माझ छलफल गर्नुहोस् ।

**अभ्यास**

१. शीतलहर भनेको के हो ?

२. शीतलहरका कुनै ३ कारणहरू लेख ।

३. शीतलहरबाट पर्ने कुनै ३ असरहरू लेख ।

४. शीतलहरबाट मानवजीवनमा देखा पर्ने कुनै ३ रोगहरू लेख ।

५. शीतलहरको मौसमी समयरेखा बनाई कक्षाकोठामा टाँस ।

**पाठ - ४**

# भूकम्प




भूकम्पलाई भुइँचालो वा भैंचालो पनि भन्ने गरिन्छ। यो भौगोलीय गडबडीबाट पैदा हुने पृथ्वीको/जमिनको कम्पन हो । जमिन हल्लिने, धेरै हल्लिएमा घरहरू भत्किने, जमिन फाट्ने र धेरै जनधनको क्षति हुन सक्छ। जमिनमुनि उत्पत्ति भएको स्थानलाई हाइपोसेन्टर र सो कम्प सिधा तहमा आइपुग्ने केन्द्रलाई इपिसेन्टर भनिन्छ र भूकम्प रेक्टर स्केलमा नापिन्छ ।

नेपाल भूकम्पीय दृष्टिकोणले उच्चजोखिममा पर्ने मुलुक हो । भूकम्पपश्चात् घरहरू भत्किएर जनधनको क्षति हुने, बाँध फुट्ने, विद्युत्बाट आगो लाग्ने र जमिन फाट्ने हुँदा सतर्कता अपनाउनु पर्दछ ।

### भूकम्पका असरहरू

- ❖ घर तथा विद्यालयहरू भत्किन सक्छन् ।
- ❖ मानिसलगायत विभिन्न जीवजनावरहरू मर्न सक्छन् ।
- ❖ धनसम्पत्तिको क्षति हुनसक्छ ।
- ❖ महामारी फैलने सम्भावना बढी हुन्छ ।

**भूकम्पीय जोखिम क्षेत्रहरू**

- ❖ पुराना घर तथा विद्यालय ।
- ❖ मापदण्ड नपुऱ्याएर बनाएका घर तथा विद्यालय ।
- ❖ नदीको छेउछाउ ।
- ❖ पहाडी धरातल जहाँ कमजोर भौगोलिक बनावट छ ।
- ❖ ताल वरिपरीको क्षेत्रहरू ।
- ❖ पुल ।

**भूकम्पीय जोखिम न्युनीकरणका उपायहरू**

१. **भूकम्प जानुभन्दा पहिला गरीने पूर्वतयारी**

- ❖ जोखिम क्षेत्रको पहिचान ।
- ❖ सुरक्षित स्थानान्तरणको नक्साङ्कन ।
- ❖ झटपट झोलाको व्यवस्था ।
- ❖ विपद् जोखिम न्युनीकरण समिति निर्माण गर्ने ।
- ❖ सरकारी मापदण्ड पुऱ्याएर घर, पुल तथा विद्यालय निर्माण गर्ने ।

२. **भूकम्प गइरहँदा गर्ने कार्यहरू**

- ❖ पहिला आफू सुरक्षित हुने र पछि सम्भव भए अरूलाई सहयोग गर्ने ।
- ❖ आफन्त तथा विद्यार्थीहरू हराएका भए तुरुन्त खोजी गर्ने र गर्न लगाउने ।
- ❖ वृद्ध तथा बालबालिकाहरूलाई विशेष गरी सहयोग गर्ने ।

३. **भूकम्प गएपछि गर्ने कार्यहरू**

- ❖ खोजी उद्धारमा सहयोग गर्ने ।
- ❖ राहत (सामग्री तथा सान्त्वना) वितरण गर्ने ।
- ❖ आवश्यकताअनुसार सहयोगका लागि अन्तर्राष्ट्रिय स्तरमा सहयोग माग्ने ।
- ❖ महामारी फैलिन नदिन मरेका सिनोहरू हटाउन व्यवस्था गर्ने ।
- ❖ अस्थायी घरहरूको निर्माण गर्नुपरेमा गर्ने र अरुलाई पनि सहयोग गर्ने ।

## भूकम्पपछिको राहत, खोजी तथा उद्धारको महत्व

भूकम्पले प्रभाव पारेको क्षेत्रमा तत्कालीन राहतले खाद्यान्न, लत्ताकपडा र सान्त्वना प्रदान गरी केही हदसम्म जनजीवन सामान्य बनाउन मद्दत गर्दछ । जमिनमा पुरिएका मानिस तथा पशुहरूको खोजी गरी उद्धारले जीवित भए जीवन रक्षा हुन्छ भने मरिसकेका भए उक्त शरीर कुहिएर विभिन्न प्रदूषण हुनबाट रोक्छ । उद्धारले पानी दूषित हुन नदिने तथा महामारीहरू फैलिनबाट रोक्न सक्छ । त्यसैले भूकम्पपछिको राहत खोज तथा उद्धारको महत्वपूर्ण र प्रमुख भुमिका रहन्छ ।

## परियोजना कार्य

२०७२ सालमा भूकम्पले गरेको क्षति, असर तथा कारणहरू पत्रिका तथा इन्टरनेटमा हेरी एउटा छोटो लेख तयार पार र कक्षामा प्रस्तुत गर ।

**शिक्षकलाई निर्देशन** : यस एकाइको सिकाइ प्रक्रियामा शिक्षकले भूकम्प गएका विभिन्न समयको उदाहरण दिई एउटा समयरेखा बनाएर प्रस्तुत गर्न लगाउने र भूकम्पबाट बच्ने उपायहरूको बारेमा थप जानकारी दिने ।

**अभ्यास**

१. भूकम्प जाने मुख्य कारण के हो ? लेख ।

२. भूकम्पका कुनै पाँच असरहरू बुँदागत रूपमा प्रस्तुत गर ।

३. भूकम्पीय जोखिमका कुनै पाँच क्षेत्रहरू कुनकुन हुन् ? लेख ।

४. भूकम्पीय क्षति न्युनीकरण गर्न अवलम्बन गर्नुपर्ने चरणहरू लेखी प्रत्येकको २-२ ओटा बुँदा लेख ।

५. भूकम्पपछि खोज तथा उद्धारको मुख्य काम के हो ?

६. तिम्रो कक्षामा भूकम्प गइरहँदा कसरी बच्ने ? नमुना कार्य गरेर सबैले गरेको पाँच ओटा कार्यहरूका बारेमा कक्षामा छलफल गर ।

**पाठ - ५**

# सडक दुर्घटना

सवारी साधनहरूको आवागमनको लागि प्रयोग गरीने मार्ग सडक हो । सडकमा विभिन्न सवारी साधन पैदलयात्री तथा पशुहरू हिँड्ने गर्छन । यी सडक प्रयोग गर्ने सवारी साधनहरूको कुनै कारणवश घटना हुनु सडक दुर्घटना हुन् । यसमा सवारी साधनको, मानवीय तथा अन्य प्राणीहरूको क्षति हुन्छ । सडकमा हिँडिरहेका पैदलयात्री तथा जनावरहरू र गुडिरहेका सानादेखि ठुला साधनहरूले अचानक एकआपसमा ठोकिँदा हुने जनधनको क्षतिलाई सडक दुर्घटना भनिन्छ ।

### क्रियाकलाप

तलको चित्र हेर र छलफल गर ।



### क) सडक दुर्घटना हुने कारणहरू

चालकको लापरबाही, क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति, कमजोर सडक र यात्रुको पनि असावधानीले नेपालमा अधिकांश सडक दुर्घटना भएका छन् । केही अन्य कारणहरू तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- जनचेतनाको अभाव ।

- ट्राफिक चिन्हहरूको बारेमा जानकारी नहुनु ।
- ट्राफिक नियमको पालना नगर्नु ।
- बाटो फराकिलो नहुनु ।
- ठाउँठाउँमा जेब्रा क्रसिङ नहुनु ।
- ठाउँठाउँमा ब्रेकरको व्यवस्था नहुनु ।
- वस्तुभाउ जहाँतहीँ छाड्नु ।
- फिल्म हेरेर नक्कल गर्नु ।
- लाइसेन्स नलिई सवारी साधन चलाउनु ।
- घुम्ती, मोडबाट बाटो काट्नु र सवारी साधनले ओभरटेक गर्नु ।

**शिक्षकलाई निर्देशन :** सडक दुर्घटना हुने विभिन्न कारणहरूबारे विद्यार्थीहरूसँग छलफल गर्दै तल दिइएका बुँदाहरू समेतलाई समाबेश गरी सूची तयार गर्न लगाउनुहोस् ।

## ख) सडक दुर्घटना नियन्त्रणका उपायहरू

विपद् आउन नदिन पहिले नै न्युनीकरणका उपायहरू अपनाउनुपर्ने हुन्छ । सडक दुर्घटना नियन्त्रणका उपायहरू निम्नानुसार छन् :

- सवारी साधनको नियमित यान्त्रीक परीक्षण गर्नुपर्ने ।
- मोड तथा साँघुरो क्षेत्रमा ट्राफिक नियम र तिनको सङ्केत बोर्ड राख्ने ।
- सक्षम चालकको नियुक्ति गर्ने ।
- गल्ती गर्नेलाई कारवाहीको व्यवस्था गर्ने ।
- सडक फराकिलो बनाउने ।
- ट्राफिक नियमको पालना कडाइका साथ लागु गर्ने गराउने ।
- हतारमा सवारीसाधन नचलाउने ।
- मादकपदार्थको सेवन गरी सवारीसाधन नचलाउने र चलाएको थाहा पाइएमा तत्कालै सोही ठाउँमा सवारीसाधन रोक्ने वा रोक्न लगाउने ।

## ग) ट्राफिक नियम र यसको महत्व

ट्राफिकको अर्थ सवारी साधन हो । सवारी साधनको प्रयोग गर्दा अवलम्बन गर्नुपर्ने नियमहरूलाई ट्राफिक नियम भनिन्छ । यसको मुख्य उद्देश्य सवारी साधनको दुर्घटनाबाट हुने क्षति कम गर्नु हो । यसले देशको सुशासन, शिक्षा र मर्यादाको प्रतिनिधित्व गर्दछ ।

## सडक बत्ती



**क्रियाकलाप :** माथिको चित्र हेर र कक्षाकोठामा छलफल गर ।

**शिक्षकलाई निर्देशन :** सडक बत्तीको चित्र हेरेर कक्षामा छलफल गरेपछि यसको प्रयोग र महत्वबारे प्रस्ट पार्ने ।

## परियोजना कार्य

१. तिम्रो घर तथा विद्यालय वरिपरि रहेको सडकमा दुर्घटनाहरू हुने गरेको छ ? उक्त दुर्घटनाहरू के कारणले भएको हो र यसबाट भएको क्षति न्युनीकरण गर्ने उपायहरूका बारेमा शिक्षकको सहयोग लिई प्रतिवेदन तयार पार ।

२. ट्राफिक बत्ती (सडक बत्ती) को चित्र चार्टपेपरमा बनाई जेब्रा क्रसिङ र सडक बत्तीको प्रयोग गरी सवारी साधन र पैदलयात्रीले बाटो काटेको अभिनय सञ्चालन गर ।

**क्रियाकलाप :** तिमीहरूले आफ्नो गाउँघरमा बाटो काट्दा भएको दुर्घटना देखेका छौ ? छौ भने कहाँकहाँ भएको थियो टिपोट गर । साथै दुर्घटना हुने कारणहरू लेख । दुर्घटनाबाट अझै बच्ने उपायहरू केके हुन सक्छन् ? सवारी दुर्घटना कम गर्न तिमीले के गर्न सक्छौ ? कक्षामा छलफल गर ।

## अभ्यास

- सडक दुर्घटना भनेको के हो ?
- सडक दुर्घटना हुने ५ ओटा कारणहरू केके हुन् ?
- सडक दुर्घटनाबाट बच्ने ५ ओटा उपायहरू लेख ।
- ट्राफिक चिन्हहरूको बारेमा जानकारी हुनु किन आवश्यक छ ?
- सडक दुर्घटनाको कुनै एउटा सफा चित्र बनाऊ ।
- सडक दुर्घटना कम गर्न कुनै ३ ओटा उपायहरू लेख ।

**पाठ - ६**

# जनावर आतङ्क

विभिन्न प्रकारका जनावरहरूले आतङ्कित पार्नु, बालीनाली सखाप पार्नु, मानिसहरूमा त्रास फैलाउनु, टोक्नु, आक्रमण गर्नुलाई जनावर आतङ्क भनिन्छ । जस्तैः बाँदरहरूले बालीनाली सखाप पार्ने, विद्यालय गइरहेका बालबालिकाहरूलाई बाटोमा पिट्ने, खाजा खोस्ने, सर्पले टोक्ने जनावर आतङ्कका उदाहरणहरू हुन् ।

**तलको दुबै चित्र हेर र छलफल गर ।**





## क्रियाकलाप

तिम्रो समुदायमा वा कोही चिनेको व्यक्ति कुनै जनावरको आक्रमणमा पर्नुभएको छ ? यदि पर्नुभएको भए उहाँमा देखापरेको समस्या र उपचार प्रक्रियाबारे सोधेर कक्षामा छलफल गर ।

## जनावर आतङ्कका असर/समस्याहरू

- मानिसहरूमा त्रास फैलाउने ।
- बालीनाली नष्ट गर्ने ।
- कुनै विषालु जीव/जनावरको टोकाइले मानिसको मृत्यु हुने ।
- रोग तथा महामारी फैलिने ।
- रेबिजको सङ्क्रमण हुने (कुकुर, स्याल तथा मुसाको टोकाइका कारण) ।

## जनावर आतङ्कबाट बच्ने उपायहरू

- ❖ घरमा पालिने जनावरहरूलाई सुरक्षित र सफा स्थानमा राख्ने ।
- ❖ जनावरहरूलाई रोग प्रतिरोधात्मक औषधी उपचार बेलाबेलामा गराई राख्ने ।
- ❖ जनावरहरूलाई छाडा नछोड्ने ।
- ❖ जनावरहरूलाई नजिस्क्याउने ।
- ❖ बालबालिकाहरू विद्यालय जाँदा र फर्कंदा समूहमा हिँड्ने ।
- ❖ जङ्गली जनावरको आतङ्क बढी हुने ठाउँमा विद्युतीय तार बिछ्याउने ।

**शिक्षकलाई निर्देशन** : स्थान र परिवेश अनुसार उद्धार र बच्ने उपायहरू खोजी गरी सिकाइको वातावरण तयार गर्ने ।

## अभ्यास

१. जनावर आतङ्क भनेको के हो ?

२. बढी आक्रमण गर्ने जनावरको सूची बनाऊ ।


३. घरपालुवा जनावरको कारणले देखापर्ने समस्याहरू कुनै ५ ओटा लेख ।

४. सर्पको टोकाइबाट बच्न केके गर्न सकिन्छ ? कुनै उपायहरू कक्षाकोठामा छलफल गर ।

५. तिम्रो समुदायमा कुन जनावरले बढी आक्रमण गर्ने गरेको छ ? यसबाट के के असर पर्छ र आक्रमणबाट बच्न केके गर्न सकिन्छ ? कुनै ३/३ बुँदाहरू लेख ।

पाठ - ७

# करेन्ट सर्ट



विद्युतीय सर्टलाई करेन्ट सर्ट पनि भन्ने गरिन्छ । विद्युत जडान गरिएको ठाउँमा कुनै कारणवश तार जलेर विद्युतीय सामानहरू जलेर वा पोलमा करेन्टको प्रवाह भएको समयमा जीव जनावरहरू आइबस्दा उनीहरू आगलागीमा पर्न सक्छन् । विद्युत् परिपथमा ऋणात्मक ध्रुव र घनात्मक ध्रुवका प्रवाहरू एकअर्कामा मिल्दा विद्युत सर्ट हुन्छ । अत्ति नै धेरै उच्चा भोल्टेज, वर्षा र दक्ष विद्युत् प्राविधिकको कमीका कारणहरूबाट करेन्ट सर्ट हुने सम्भावना हुन्छ । कहिलेकाहीँ चट्याङ्को कारण पनि करेन्ट सर्ट हुन्छ ।

## करेन्ट सर्टबाट हुने क्षति तथा असरहरू

- आगलागी हुने ।
- जनधनको क्षति हुने ।
- अङ्गभङ्ग हुने ।

**करेन्ट सर्ट हुने सम्भावित क्षेत्रहरू**

- ❖ नाङ्गो तार भएको ठाउँ ।
- ❖ विद्युतीय पोल ।
- ❖ विद्युत् वितरण केन्द्र ।

**करेन्ट सर्टबाट बच्ने उपायहरू**

- ❖ विद्युतीय सामानहरू प्रयोग गर्दा चिसो हात खुट्टाले नछुने ।
- ❖ भोल्ट नियन्त्रण यन्त्र (Volt Guard) को प्रयोग गर्ने ।
- ❖ दक्ष प्राविधिक ल्याएर घरमा विद्युत् जडान गर्ने ।
- ❖ चट्याङबाट बच्न अर्थिङको प्रयोग गर्न ।
- ❖ जथाभावी तारको जडान गरी विद्युतीय सामग्रीहरू प्रयोगमा नल्याउने ।

**शिक्षकलाई निर्देशन :** यदि विद्यालय नजिक विद्युत वितरण केन्द्र भए उक्त स्थानमा विद्यार्थीलाई भ्रमण गराई त्यहाँ अपनाइएका सुरक्षाका विधिहरू, केके कारणबाट करेन्ट सर्ट हुन्छ र यसबाट बच्ने उपायहरूको बारेमा खोजी गरी सहजीकरण गर्ने ।

**अभ्यास**

१. करेन्ट सर्टको अर्थ लेख ।

२. करेन्ट सर्टको कुनै २ कारणहरू लेख ।

३. करेन्ट सर्टबाट हुने २ असरहरू लेख ।

४. करेन्ट सर्टबाट कसरी बच्न सकिन्छ ? कुनै ३ उपायहरू लेख ।